# 2024 अन्तरर्ष्ट्रिय विद्यार्थी छात्रवृत्ति

GoGlobal@MiamiOH.edu | MiamiOH.edu/admission/international



MIAMI UNIVERSITY
OXFORD, OH • EST. 1809

# उत्कृष्ट शिक्षालाई सर्वसुलभ बनाइएको

मियामी युनिभर्सिटीले शरद ऋतु 2024 का लागि योग्य अन्तर्राष्ट्रिय विद्यार्थीहरूलाई विभिन्न छात्रवृत्ति अवसरहरू प्रदान गर्छ। छात्रवृत्तिहरू चार वर्षसम्म नवीकरण हुन सक्छन् र छात्रवृत्ति पाउने विद्यार्थीहरूले छात्रवृत्ति पाएको शैक्षिक सत्रमा अक्सफोर्ड क्याम्पसमा पूर्णकालीन रूपमा भर्ना भएको हुनुपर्छ। छात्रवृत्तिहरू उपलब्धताको आधारमा वितरण गरिन्छ र तिनमा परिवर्तन हुन सक्छ छ।

भर्नाका लागि आवेदन दिँदा, विद्यार्थीहरूले आफ्नो रुचि अनर्स कलेजमा रहेको सङ्केत गर्न सक्छन्, जहाँ प्रेसिडेन्सियल फेलोज प्रोग्राम (Presidential Fellows Program, PFP) र प्रोडेसी छात्रवृत्ति (Prodesse Scholarship) कार्यक्रमहरू सञ्चालित छन्। PFP का लागि विचार गरिन वा अनर्स कलेजको आवेदकको प्राथमिकता सूचीमा सामेल हुनका लागि, डिसेम्बर 1 भित्र आवेदन दिनुहोस्।

## प्रेसिडेन्सियल फेलोज कार्यक्रम (PFP)

**आवेदन दिने अन्तिम मिति | डिसेम्बर 1, 2023**

अनर्स कलेजमा प्रति वर्ष पन्ध्र जना शीर्ष विद्यार्थीहरूका लागि चार वर्षको नवीकरणीय र उच्च प्रतिस्पर्धी छात्रवृत्ति कार्यक्रमले शिक्षण, अन्य शुल्क, आवास र खानाको खर्च कभर गर्दछ र $5,000 शैक्षिक संवर्द्धन खर्च उपलब्ध गराउँछ। प्राथमिकता सूचीमा रहनका लागि डिसेम्बर 1 भित्र भर्नाका लागि आवेदन दिनुहोस्।

## प्रोडेसी छात्रवृत्ति

**प्राथमिकता सूचीमा रहनका लागि आवेदन दिने अन्तिम मिति | डिसेम्बर 1, 2023**

अनर्स कलेजमा भर्ना भएका र प्रेसिडेन्सियल फेलोज नरहेका शीर्ष विद्यार्थीहरूलाई प्रदान गरिने चार वर्षसम्म वार्षिक रूपमा नवीकरण गर्न मिल्ने $2,000 राशीको छात्रवृत्ति कार्यक्रम। प्राथमिकता सूचीमा रहनका लागि डिसेम्बर 1 भित्र भर्नाका लागि आवेदन दिनुहोस्।

## युनिभर्सिटी मेरिट (विश्वविद्यालय जेहेन्दार) छात्रवृत्ति

**प्राथमिकता सूचीमा रहनका लागि आवेदन दिने अन्तिम मिति | डिसेम्बर 1, 2023**

डिसेम्बर 1 सम्ममा भर्नाका लागि आवेदन दिने र तलका न्यूनतम मापदण्ड पूरा गर्ने विद्यार्थीहरूलाई छात्रवृत्तिका लागि विचार गरिने छ। यसपछि आवेदन दिने विद्यार्थीहरूका बारेमा उपलब्धताका आधारमा विचार गरिने छ। छुट्टै छात्रवृत्ति आवेदन दिनु आवश्यक छैन। छात्रवृत्ति पाइन्छ नै भन्ने ग्यारेण्टी हुँदैन।

| भारित GPA* | ओहायोबाहिरका बासिन्दा (वार्षिक रकम) |
|---|---|
| 4.30+ | **$15,000 बाट सुरु हुने** |
| 3.95-4.29 | **$10,000 बाट सुरु हुने** |
| 3.75-3.94 | **$6,000 बाट सुरु हुने** |
| 3.50-3.74 | **$4,000 बाट सुरु हुने** |

*मियामीले अमेरिकी शैक्षिक प्रणालीबाहिर शिक्षा प्राप्त गरेका सबै अन्तर्राष्ट्रिय आवेदकहरूका लागि 4.0 स्केल बराबर अमेरिकी GPA मा गणना गर्छ। अमेरिकी हाइ स्कूलमा अध्ययनरत अन्तर्राष्ट्रिय विद्यार्थीहरू (वा अमेरिकाको माध्यमिक शिक्षा पाठ्यक्रम र ग्रेडिङ प्रणाली अनुसरण गर्ने) का लागि, तपाईंको स्कूलले भारित GPA थप्दैन भने मियामीले भारित GPA उपलब्ध गराउन तपाईंको GPA पुन: गणना गर्ने छ।

## अन्तर्राष्ट्रिय शैक्षिक छात्रवृत्ति

**प्राथमिकता सूचीमा रहनका लागि आवेदन दिने अन्तिम मिति | डिसेम्बर 1, 2023**

छात्रवृत्ति रकम प्रति वर्ष $2,500 देखि $12,000 सम्मका हुन्छन् र आवेदनको समयमा उपलब्ध गराइएका शैक्षिक रेकर्ड र अन्य विवरणमा आधारित हुन्छन्। प्राथमिकता सूचीमा रहनका लागि, डिसेम्बर 1 सम्ममा भर्नाका लागि आवेदन दिनुहोस्।

## #YouAreWelcomeHere छात्रवृत्ति

**आवेदन दिने अन्तिम मिति | डिसेम्बर 1, 2023**

अन्तर-सांस्कृतिक बोधलाई बढावा दिने दूरदर्शिता भएका अन्तर्राष्ट्रिय विद्यार्थीहरूले यो छात्रवृत्ति प्राप्त गर्न सक्नु हुन्छ जसले शिक्षण शुल्कको न्यूनतम 50% कभर गर्छ। डिसेम्बर 1 1 सम्ममा छुट्टै छात्रवृत्ति आवेदन भरेर बुझाउनुहोस्।

